# नगरपालिका (कार्य व्यवस्थापन र सञ्चालन) ऐन, २०८०

**मन्थली नगरपालिकाको नगर सभाबाट मिति २०८० असार १० गते स्वीकृत भएको नगरपालिका (कार्य व्यवस्थापन र संचालन ऐन, २०८०) २०८० स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।**

**प्रस्तावना :** मन्थली नगरपालिकाको क्षेत्रभित्र बसोवास गर्ने नागरिकहरुको हित प्रबर्द्धन गर्ने उद्देश्यले उपलब्ध प्राकृतिक, भौतिक एवं मानवीय स्रोतको उच्चतम परिचालन गर्ने, गैरसरकारी एवं निजी क्षेत्रको सहभागितामा विकास निर्माणका क्रियाकलापहरु सञ्चालन गर्न लगायत नगरपालिकाले संविधान बमोजिम सम्पादन गर्ने कामहरु सुचारु गर्न र नगरपालिकाको प्रशासकीय कार्यविधिहरु नियमित गर्न कानूनी व्यवस्था गर्नु आवश्यक भएकोले नेपालको संविधानको धारा ५७(४) र धारा २२६ बमोजिम मन्थली नगरपालिकाले यो ऐन जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "नगरपालिका (कार्य व्यवस्थापन र सञ्चालन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ख) "नगरपालिका" भन्नाले मन्थली नगरपालिका सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले मन्थली नगर कार्यपालिका सम्झनुपर्छ।

(घ) "सभा" भन्नाले मन्थली नगरपालिकाको नगर सभा सम्झनुपर्छ

३. **ऐनको उद्देश्य :** यस ऐनका उद्देश्यहरु देहाय बमोजिम हुनेछन:-

(क) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सिद्धान्त अनुरुप संविधानद्धारा निर्दिष्ट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सघाउ पुऱ्याउनु,

(ख) स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा स्थानीय तहमा समानुपातिक सिद्धान्तलाई आत्मसात गर्दै स्थानीय जनतालाई संविधान एवं कानून प्रदत्त अधिकारको उपभोग गर्न सक्षम तुल्याउनु,

(ग) संविधान र प्रचलित कानून बमोजिम नगरपालिकालाई प्राप्त अधिकारको प्रयोग र निर्दिष्ट कर्तव्यको पालनामा सघाउ पुऱ्याई स्थानीय शासन प्रणालीलाई सदृढ गर्दै सुशासनको अनुभूति दिलाउनु,

(घ) लोकतान्त्रिक मुल्य मान्यता र कानुनी राज्यको अवधारणा अनुरुप नगरपालिकाको कार्य संचालन गर्नु,

(ङ) नगरपालिकाको कार्य व्यवस्थापन र नियमनलाइ सहज तुल्याउन आवश्यक प्रबन्ध गर्नु,

(च) संविधान र प्रचलित कानून बमोजिम नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्य कानून सम्मत रुपमा गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु ।

४. **कार्यव्यवस्थापन र नियमनका सामान्य सिद्धान्तहरु :** नेपालको संविधान र प्रचलित कानूनले मार्गदर्शन गरे अनुरुप नगरपालिकाले स्थानीय सरकार सञ्चालनको पद्धतिको विकासको लागि सामान्यतया देहायका सिद्धान्तहरुलाई अवलम्बन गर्नुपर्नेछ :-

(क) स्वायत्तता र सुशासनको मान्यतामा आधारित स्थानीय सरकारको अवधारणालाई साकार बनाउन नगरपालिकाको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामुखि तुल्याउने,

(ख) नगरवासीहरुको सर्वोत्तम हित र कल्याणका लागि कार्य

गर्न नगरपालिकालाई जवाफदेही बनाउने,

(ग) नगरपालिकालाई संविधान र प्रचलित कानुनद्धारा सुम्पिएका काम, कर्तव्य, जिम्मेवारी र जवाफदेहीता वहन गर्नको लागि आवश्यक पर्ने स्रोत साधनहरु संकलन र परिचालन गर्ने अधिकार प्रदान गर्नको लागि कानूनी आधार तयार गर्ने,

(घ) स्थानीय तहदखि नै लोकतन्त्रलाई संस्थागत गर्न आबश्यक नेतृत्वको विकास गर्ने,

(ङ) संविधान र प्रचलित कानुनद्धारा स्थानीय तहमा प्राप्त जिम्मेवारी लोकतान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, जन उत्तरदायित्व र जन सहभागितामा सम्पन्न गर्ने,

(च) दिगो विकासको लागि साझेदारी र सहकार्यको नीतिलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

**५.** **नगरपालिकाको कार्य सञ्चालन** : (१) नगर कार्यपालिकाले योजना तर्जुमा, कार्य सञ्चालन, स्रोत र साधनको परिचालन, विनियोजन र विकासको प्रतिफल समन्यायिक वितरणमार्फत समानता अभिबृद्धि गर्न र पीछडिएका वर्ग र समुदाय समेतको सहभागिता अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्नका लागि आवश्यक व्यवस्थापकीय कार्य सञ्चालन गर्नेछ ।

(२) संविधानले आत्मासात गरेको कानूनी राज्यको अवधारणालाइ नगरपालिकाले अवलम्वन गरी कार्य सम्पादन गर्नेछ ।

**६.** **नियम बनाउने अधिकार** : (१) दफा ३, ४ र ५ मा उल्लिखित व्यवस्थाहरुको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) दफा ३, ४, ५ को सर्वसामान्य सिद्धान्तमा प्रतिकूल असर नपर्ने गरी नगर कार्यपालिकाले देहायका विषयमा आवश्यक नियम बनाई जारी गर्न सक्नेछ :- (क) स्थानीय

सहकारी क्षेत्रको प्रबर्द्धन, परिचालन र विकास,

(ख) स्थानीय सेवाको व्यवस्थापन,

(ग) स्थानीय तथ्यांक र अभिलेख संकलन,

(घ) स्थानीयस्तरका विकास आयोजना तथा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,

(ङ) वातावरण संरक्षण र जैविक विविधता,

(च) स्थानीय अभिलेख व्यवस्थापन,

(छ) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास,

(ज) गैरसरकारी संस्थाहरुको सञ्चालन, सहभागिता र अनुगमन,

(झ) पुस्तकालय, वाचनालय आदिको सञ्चालन र व्यवस्थापन,

(ञ) संविधान र प्रचलित कानून बमोजिम नगरपालिकाको कार्यव्यवस्थापन र नियमनसंग सम्बन्धित विषयहरु,

(ट) स्थानीय वजार व्यवस्थापन र अनुगमन सम्बन्धी कार्यहरु

(ठ) नगरपालिकाले आवश्यक ठानेका अन्य विषयहरु ।

(३) नगरकार्यपालिकाले उपदफा (१) र (२) बमोजिम कार्यपालिकाले बनाएको नियमहरु जानकारीका लागि नगरसभामा पेश गर्नु पर्नेछ ।

७. **निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्ने : (१)** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐनबाट प्रदत्त अधिकारको अधीनमा रही नगर कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

८. **विशेष ऐनको व्यवस्था लागू हुने :** कुनै खास कामको लागि कुनै

विशेष ऐनमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा यस ऐन र यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डको व्यवस्था लागू हुनेछ ।

९. **कानुन कार्यान्वयनको अनुगमन :** (१) कार्यपालिका तथा नगरसभा अन्तर्गत गठन हुने विभिन्न समितिहरुले प्रत्यायोजन विधायन अन्तर्गत वनेका नियम, निर्देशिका, कार्यविधि र मापदण्ड ऐनको उद्देश्य र सिद्धान्त अनुरुप बनाई लागु गरे नगरेको सम्बन्धमा समय-समयमा अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) नगरसभा तथा कार्यपालिका अन्तर्गतका समितिहरुले उपदफा (१) बमोजिमे दिएको निर्देशन नगर कार्यपालिकाले कार्यन्वयन गर्नु गराउनु पर्नेछ ।